# सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको

# विधान

# (२०४९)

पहिलो संशोधन – २०५२
दोस्रो संशोधन – २०६५

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
**Community Self-Reliance Centre (CSRC)**
P.O.Box:19790, Kathmandu, Nepal
Tel: 00977-1-4360486,4357005, Fax: 0097-01-4357033
E-mail:landrights@csrcnepal.org, Website:www.csrcnepal.org

# प्रस्तावना

समाजमा विद्यमान विभेद, असमानता, द्वन्द्व र त्यसबाट सृजित गरिबी अन्त्य गरी समुन्नत, न्यायपूर्ण, स्वतन्त्र र समतामूलक समाज निर्माणका लागि समाजका विभिन्न तह र तप्काका मानिसहरुको सामूहिक पहलमा सामाजिक अभियान गर्न आवश्यक भएकाले,

उत्पादनका स्रोत साधनको न्यायोचित बाँडफाँट र त्यससँग सम्बन्धित नीति निर्माण प्रक्रियामा समाजका गरीब तथा पछाडि पारिएका वर्गको सहभागिता र स्वामित्व स्थापित गरी उनीहरुको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याई समाजमा सामाजिक न्याय स्थापना, आधारभूत मानवअधिकारको प्रत्याभूति र राष्ट्रिय विकास प्रक्रियामा योगदान गर्न जरुरी भएकाले,

गैरसरकारी संस्थाहरु नागरिक समाजको अभिन्न अङ्ग र राज्यको महत्वपूर्ण विकास साझेदारका रुपमा स्थापित भएकाले विकासको अवसर र क्षमताबाट वञ्चित समुदायको सशक्तीकरणको माध्यमबाट समतामूलक विकासको प्रक्रियालाई सहजीकरण गर्न वाञ्छनीय भएकाले,

सामाजिक सङ्घ-संस्था ऐन २०३४ को प्रावधानभित्र रही सामुदायिक आत्मनिर्भर सेवा केन्द्र नामक सामाजिक संस्था स्थापना गर्नका लागि यो विधान तर्जुमा गरीएको छ ।





## परिच्छेद - एक

# प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(क) यस विधानअनुसार स्थापित संस्थाको नाम **सामुदायिक आत्मनिर्भर सेवा केन्द्र** रहनेछ र छोटकरीमा **आत्मनिर्भर केन्द्र** भनिनेछ। अंग्रेजीमा यसलाई Community Self Reliance Centre भनिनेछ। छोटकरीमा CSRC भनिनेछ।

(ख) यो विधान (संशोधनसहित) नेपाल सरकारबाट स्वीकृति भएको मितिबाट लागू हुनेछ।

### २. परिभाषा

(क) ‘आत्मनिर्भर केन्द्र’ भन्नाले सामुदायिक आत्मनिर्भर सेवा केन्द्रलाई सम्झनुपर्नेछ।

(ख) ‘विधान’ भन्नाले आत्मनिर्भर केन्द्रको विधान २०४९ (संशोधनहरु समेत) लाई सम्झनुपर्नेछ।

(ग) ‘सदस्य’ भन्नाले आत्मनिर्भर केन्द्रको सबै प्रकारका सदस्यलाई सम्झनुपर्नेछ।

(घ) ‘कोष’ भन्नाले आत्मनिर्भर केन्द्रको कोषलाई सम्झनुपर्नेछ।

(ङ) ‘नियम’ भन्नाले यस विधानअन्तर्गत बन्ने नियमलाई सम्झनुपर्नेछ।

(च) ‘साधारण सभा’ भन्नाले आत्मनिर्भर केन्द्रको साधारण सभालाई जनाउनेछ।

(छ) ‘कार्यालय’ भन्नाले आत्मनिर्भर केन्द्रको मुख्य कार्यालय तथा देशका विभिन्न स्थानमा रहेका शाखा कार्यालयहरुलाई समेत बुझाउनेछ।

(ज) 'कार्यसमिति' भन्नाले विधानको धारा १५ अन्तर्गत गठित कार्यसमितिलाई सम्झनुपर्नेछ।

(झ) 'तोकिए वा तोकिएबमोजिम' भन्नाले यस विधान र त्यसअन्तर्गत बनेका नियमहरुलाई सम्झनुपर्नेछ ।

(ञ) 'अधिकारग्रही समुदाय' भन्नाले विकासका अवसर र प्रक्रियाबाट वञ्चित भएका वर्ग वा कम लाभ पाइरहेका व्यक्ति, परिवार तथा समुदायलाई सम्झनुपर्नेछ ।

### ३. आत्मनिर्भर केन्द्रको छाप र साङ्केतिक चिह्न (लोगो)

(क) आत्मनिर्भर केन्द्रको आफ्नै छुट्टै छाप र साङ्केतिक चिह्न (लोगो) अनुसूची १ मा उल्लेख भएबमोजिम हुनेछ ।

(ख) आत्मनिर्भर केन्द्र एक अविछिन्न उत्तराधिकारवाला स्वशासित संस्था हुनेछ । यसले व्यक्तिसरह चलअचल सम्पत्ति भोगचलन गर्ने, बेचबिखन गर्ने, धितो लिने वा दिने कार्य गर्नेछ ।

(ग) आत्मनिर्भर केन्द्रले व्यक्तिसरह मुद्दामामिला गर्ने, दाबी विरोध गर्ने जस्ता काम, कर्तव्य र अधिकार प्रयोग गर्नेछ ।

(घ) संस्थाको आधिकारिक प्रयोजनमा बाहेक संस्थाको छापलाई अन्यत्र प्रयोग गरिने छैन ।

### ४. आत्मनिर्भर केन्द्रको कार्यालय

(क) आत्मनिर्भर केन्द्रको मुख्य कार्यालय काठमाडौं जिल्ला धापासी गा.वि.स. ८ मा रहनेछ । साधारणसभाको निर्णयअनुसार आत्मनिर्भर केन्द्रको मुख्य कार्यालय अन्यत्र स्थानमा स्थानान्तरण गर्न सकिनेछ । संस्थाको आवश्यकताअनुसार कार्यसमितिको निर्णयबाट आत्मनिर्भर केन्द्रका कार्यालयहरु विभिन्न जिल्लाहरुमा स्थापना गर्न सकिनेछ ।





## परिच्छेद - दुई

# संस्थाको लक्ष्य र उद्देश्य

### ५. आत्मनिर्भर केन्द्रको लक्ष्य

समाजमा रहेका विभेद, असमानता, द्वन्द्व र त्यसबाट सृजित गरिबीको अन्त्य गरी समुन्नत, सम्मानित र आत्मनिर्भर जीविकाको स्थापना गर्ने ।

### ६. आत्मनिर्भर केन्द्रका उद्धेश्यहरू

(१) गरीब तथा अधिकारबाट वञ्चित समुदायको आधारभूत मानवअधिकारको ग्यारेण्टीका लागि सङ्गठित र सशक्त बनाई जीवनस्तरमा गुणात्मक सुधार गर्ने ।

(२) भूमि तथा कृषिसुधारको सवाललाई देशव्यापीरुपमा समुदायदेखि नीतिनिर्माणको तहसम्म बहसमा ल्याई भूमिअधिकारबाट वञ्चितहरुको पक्षमा वकालत गर्ने र नीतिनिर्माण र कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।

(३) प्राकृतिक स्रोत साधनमाथि गरीब जनताको स्वामित्व र लाभको उपयोगमा विश्वव्यापीकरणको कारण पर्नसक्ने नकारात्मक प्रभावबारे सरोकारवालाहरुसँग रचनात्मक संलग्नता स्थापना गरी गरीब जनताको हित संरक्षण र सम्बर्द्धनमा योगदान गर्ने ।

(४) मानव अधिकार संरक्षण, सुशासन र गरिबी निवारणको क्षेत्रमा सञ्चालित सामाजिक अभियानहरुबाट प्राप्त ज्ञान र सिकाईहरुलाई आमजनताको हितका लागि व्यवस्थापन र उपयोग गर्ने ।

(५) गरीब जनताको खाद्य सुरक्षा बढाउनका लागि भूमि तथा कृषि सुधारका नमूना क्रियाकलापहरु सञ्चालन गर्ने ।

(६) जनताको प्राकृतिक स्रोतमाथि स्वामित्व र उपभोग स्थापित गर्न यी विषयहरुमा अध्ययन अनुसन्धानका साथै विभिन्न किसिमका अभियानहरु सञ्चालन गर्ने ।

(७) प्राकृतिक स्रोत र आधारभूत मानवीय अधिकारका क्षेत्रमा कार्यरत् एवं सहयोग पुर्‍याइरहेका स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घ, संस्था, सङ्गठन, सञ्जाल आदिसँग समन्वय र सहकार्य गर्ने ।

## परिच्छेद-तीन

# सदस्यता

## ७. सदस्यता

(क) आत्मनिर्भर केन्द्रको सदस्यता विधानबमोजिम योग्यता पुगेका सबैका लागि खुल्ला रहनेछ ।

(ख) आत्मनिर्भर केन्द्रको सदस्य संरचना समावेशी सिद्धान्तमा आधारित हुनेछ । कार्यसमितिले संस्थागत सुशासन नीति बनाई समावेशीकरणको स्वरुप र प्रक्रिया निर्धारण गरी लागू गर्नेछ ।

(ग) निम्नलिखित योग्यता पुगेका व्यक्तिहरु आत्मनिर्भर केन्द्रको साधारण र आजीवन सदस्य हुन सक्नेछन् :

(१) १६ वर्ष उमेर पुगेको नेपाली नागरिक ।

(२) नैतिक पतन हुने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(३) आत्मनिर्भर केन्द्रको उद्देश्य र विधानमा उल्लिखित व्यवस्थाहरु पालना गर्न मञ्जुर ।

(४) विकास र सामाजिक न्यायको क्षेत्रमा संलग्न ।

(५) मानव अधिकारका मूल्य, मान्यता र सिद्धान्तहरु व्यवहारमा प्रयोग गर्न प्रतिबद्ध ।

(६) आत्मनिर्भर केन्द्रको कार्यक्रम सञ्चालनमा सहयोग पुर्‍याउँदै आएको ।





(घ) आत्मनिर्भर केन्द्रको नयाँ सदस्यताका लागि वर्षको १ पटक आफ्नो नियमित प्रकाशनमार्फत् सार्वजनिकरुपमा सूचना प्रकाशन गरिनेछ ।

(ङ) साधारण सभा हुनुभन्दा २ महिनाअगाडिदेखि साधारण सभा सम्पन्न भइनसक्दाको अवधिमा नयाँ साधारण सदस्यता प्रदान गरिने छैन ।

## ८. सदस्यताको प्रकार

आत्मनिर्भर केन्द्रको सदस्यता ३ प्रकारको हुनेछ ।

**(क) साधारण सदस्य :** यस विधानको परिच्छेद ३ दफा ७ ग बमोजिम रित पुगेका व्यक्तिहरुले आत्मनिर्भर केन्द्रको सदस्यताका लागि आवेदन दिन सक्नेछन् । कार्यसमितिले आवश्यक जाँचबुझ गरी रित पुगेका व्यक्तिहरुलाई साधारण सदस्यता प्रदान गर्नेछ । कार्यसमितिको निर्णयपछि संस्थाका सदस्यसचिवले सम्बन्धित निवेदकलाई सदस्यता प्राप्त गरेको वा नगरेको बारेमा लिखितरुपमा सूचित गर्नेछन् । संस्थाका नयाँ सदस्यहरुलाई सदस्यताको प्रमाणपत्र प्रदान गरिनेछ र अनुसूची २ बमोजिमको ढाँचामा शपथग्रहण गराइनेछ । सदस्यताको प्रमाणपत्र वितरण र शपथग्रहण साधारण सभामा अध्यक्षबाट गरिनेछ । साधारण सदस्यलाई संस्थाको निर्णयमा मताधिकार हुनेछ ।

**(ख) मानार्थ सदस्य :** आत्मनिर्भर केन्द्रको मूल्य मान्यताको प्रबर्द्धन र लक्ष्य तथा उद्देश्य हासिल गर्न विशेष योगदान पुर्‍याउने स्वदेशी तथा विदेशी नागरिकलाई केन्द्रको साधारण सभाले निर्णय गरेर मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । मानार्थ सदस्यहरुले सदस्यता शुल्क बुझाउन र सदस्यता नवीकरण गर्नु आवश्यक पर्ने छैन । मानार्थ सदस्यहरुलाई संस्थाको नेतृत्वमा उम्मेदवार हुने, निर्वाचन तथा अन्य निर्णय प्रक्रियामा मतदान गर्ने अधिकार रहने छैन ।

(ग) **आजीवन सदस्य :** आत्मनिर्भर केन्द्रलाई लामो समयसम्म योगदान गर्न इच्छुक दफा ७ ग बमोजिम योग्यता पुगेको व्यक्तिले एकमुष्ट रु १०,००० (दश हजार रुपैयाँ) सदस्यता शुल्कवापत बुझाई साधारण सदस्यताका लागि आवेदन गर्न सक्नेछ । कार्यसमितिले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

## ९. सदस्यता शुल्क र नवीकरण कार्यविधि

### (१) सदस्यता शुल्क

आत्मनिर्भर केन्द्रको सदस्य शुल्क निम्नबमोजिम हुनेछ :

(क) आत्मनिर्भर केन्द्रको नयाँ साधारण सदस्यता प्राप्त गर्ने व्यक्तिले प्रवेश शुल्कवापत रु. १५०/- र वार्षिक सदस्यता शुल्क रु. २५०/- गरी एकमुष्ट रु. ४००/- बुझाउनुपर्नेछ ।

(ख) आत्मनिर्भर केन्द्रको मानार्थ सदस्यता प्राप्त गर्नका लागि कुनै शुल्क लाग्ने छैन ।

(ग) आजीवन सदस्यताका लागि एकपटक एकमुष्ट रु. १०,०००/- शुल्क बुझाउनुपर्नेछ ।

### (२) सदस्यता नवीकरण

(क) आत्मनिर्भर केन्द्रका साधारण सदस्यहरुले रु. २५०/- बुझाई प्रत्येक वर्षको असार मसान्तभित्र सदस्यता नवीकरण गराउनुपर्नेछ । कुनै सदस्य कारणवश आत्मनिर्भर केन्द्रमा आएर सदस्यता नवीकरण गर्न नसक्ने अवस्थामा इमेल, फ्याक्स वा पत्रका माध्यमबाट पनि सदस्यता नवीकरण गर्न सकिनेछ ।

(ख) सदस्यता नवीकरण गराउनुपर्ने म्याद नाघेमा ६ महिनाभित्र विलम्ब दस्तुर रु. २००।- तिरी सदस्यता नवीकरण गराउन सकिनेछ । त्यस अवधिसम्म पनि नवीकरण नभएमा निजको सदस्यता स्वतः खारेज हुनेछ ।

(ग) सदस्यता नवीकरण नभएको साधारण सदस्य आत्मनिर्भर केन्द्रको साधारण सभाको निर्णय प्रक्रियामा सहभागी हुन, निर्वाचनमा





भाग लिन, नेतृत्वमा उम्मेदवार हुन र मत प्रदान गर्न योग्य हुने छैनन् ।

## १०. सदस्यताको समाप्ति

१. देहायको अवस्थामा आत्मनिर्भर सेवा केन्द्रको साधारण तथा आजीवन सदस्य आफ्नो पदमा बहाल रहने छैन :

(क) मृत्यु भएमा ।

(ख) राजिनामा दिई कार्यकारिणी समितिबाट स्वीकृत भएमा ।

(ग) आत्मनिर्भर केन्द्रको विधान तथा अन्य विधिको पालना नगरेको र संस्थाको हितविपरितको काम भएको भनी साधारण सभाको दुईतिहाई मतबाट सदस्यताबाट हटाउने प्रस्ताव पारित गरेमा ।

(घ) नेपालको नागरिकता परित्याग गरेमा ।

(ङ) मगज बिग्रेमा वा बहुलाएमा ।

(च) नैतिक पतन देखिने फौजदारी अभियोग प्रमाणित भएमा ।

(छ) आत्मनिर्भर केन्द्रको व्यवसायमा निजी स्वार्थ भएको कुरा साधारणसभाको बहुमतबाट प्रमाणित भएमा ।

(ज) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाँझी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएमा ।

(झ) आत्मनिर्भर केन्द्रको विधानको दफा १० (२) बमोजिम सदस्यता नवीकरण नगराएमा ।

(ञ) संस्था विघटन भै खारेज भएमा ।

२. कुनै व्यक्ति आत्मनिर्भर केन्द्रको सदस्यता बहाल रहन अयोग्य ठहराउनुभन्दा अघि निजलाई सो कुराको सूचना दिई सफाइको सबुद पेश गर्ने मौका दिइनेछ ।

## परिच्छेद-चार

# साधारण सभा र कार्यसमिति

### ११. साधारण सभाको गठन

(क) आत्मनिर्भर केन्द्रको साधारण सदस्य र आजीवन सदस्यहरु समावेश भएको सभा साधारण सभा हुनेछ। मानार्थ सदस्यहरु साधारण सभामा पर्यवेक्षकका रुपमा सहभागी हुन सक्नेछन् ।

(ख) आत्मनिर्भर केन्द्रको वार्षिक साधारण सभा वर्षको १ पटक बस्नेछ। यो साधारण सभा प्रत्येक वर्ष साउनदेखि कात्तिक मसान्तभित्र सम्पन्न भइसक्नेछ। साधारण सभा बसेको ४ महिनाभित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन ।

(ग) आत्मनिर्भर केन्द्रको कार्यसमितिले साधारण सदस्य, मानार्थ सदस्य तथा आजीवन सदस्यहरुलाई साधारण सभा तथा विशेष साधारण सभा हुनुभन्दा कम्तिमा १५ दिनअगाडि सभा हुने स्थान, मिति, समय र छलफलको विषयसहितको लिखित सूचना गर्नुपर्दछ ।

(घ) उपदफा क बमोजिम बोलाइएको साधारण सभामा यस विधानको दफा १३ बमोजिमको गणपूरक संख्या आवश्यक पर्नेछ। विशेष साधारण सभाका लागि ५१ प्रतिशत सदस्यहरुको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ ।

(ङ) साधारण सभाको निर्णय छुट्टाछुट्टै पुस्तिकामा राखिनेछ ।

(च) साधारण सभा आत्मनिर्भर केन्द्रको सर्वोच्च निकाय हुनेछ ।

(छ) साधारण सभाको निर्णयलाई (कानूनीरुपमा सार्वजनिक गर्न नमिल्नेबाहेक) सार्वजनिक गरिनेछ ।

### १२. विशेष साधारण सभा

(क) आत्मनिर्भर केन्द्रको साधारण सदस्य संख्याको एक तिहाइ सदस्यले अध्यक्षसमक्ष लिखितरुपमा विशेष साधारणसभा





बोलाउन अनुरोध गरेमा वा कार्यसमितिले आवश्यक ठानी निर्णय गरेमा त्यसको ३० दिनभित्र विशेष साधारण सभा बोलाउनुपर्नेछ। सदस्यहरुको उक्त मागमा विशेष साधारण सभा बोलाउनुपर्ने कारण र त्यसमा छलफल गरिने विषयवस्तु किटानी गर्नुपर्नेछ ।

(ख) विशेष साधारण सभाका लागि ५१ प्रतिशत सदस्यहरुको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ। कारणवस विशेष साधारण सभाका लागि गणपुरक संख्या उपस्थित नभएको खण्डमा कम्तीमा ७ दिनको म्याद दिएर पुनः विशेष साधारण सभा बोलाइनेछ। यसरी बोलाइएको मितिमा उपस्थित सदस्यलाई गणपुरक संख्या मानिनेछ ।

(ग) विशेष साधारण सभाको निर्णय छुट्टाछुट्टै पुस्तिकामा राखिनेछ ।

(घ) विशेष साधारण सभाको अध्यक्षता कार्यसमितिको अध्यक्षले गर्नेछन्। विशेष साधारण सभामा कार्यसमितिको अध्यक्षको विषयमा छलफल हुने भएमा कार्यसमितिका उपाध्यक्ष र निजको अनुपस्थितिमा सदस्य सचिवले सो सभाको अध्यक्षता गर्नेछन्। विशेष साधारण सभा यस विधानको दफा ३० बमोजिम कार्यसमितिमाथि अविश्वासको प्रस्तावमा छलफल गर्न बोलाइएको खण्डमा सो सभाको अध्यक्षता कार्यसमितिका सदस्यहरुबाहेक जेष्ठ सदस्यले गर्नेछन् ।

### १३. साधारण सभाको काम, कर्तव्य र अधिकार

साधारण सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) कार्यसमितिद्वारा प्रस्तुत वार्षिक नीति, कार्यक्रम र अनुमानित आय-व्यय स्वीकृति गर्ने ।

(ख) वार्षिक नीति तथा कार्यक्रममा नपरेका विषयमा वर्षको बीचमा कुनै निर्णय गर्नका लागि कार्यसमितिलाई अधिकार प्रत्यायोजन गर्ने। अघिल्लो वर्षमा कार्यसमितिले गरेका त्यस्ता निर्णयहरुको सुझाव, सल्लाह र निर्देशनसहित अनुमोदन गर्ने ।

(ग) संस्थाको आवश्यकताअनुसारको संस्थागत संरचना परिवर्तन गर्ने र विभिन्न विषयगत समिति निर्माण गरी जिम्मेवारी सुम्पिने । त्यसरी स्थापना भएका समितिहरुले कार्यसमितिको मातहतमा रहेर काम गर्नेछन् र आफ्नो वार्षिक प्रतिवेदन साधारण सभामा प्रस्तुत गर्ने ।

(घ) संस्थाको कार्यसमितिका पदाधिकारहीरूको पदावधि पुगेको अवस्थामा कार्यसमितिका पदाधिकारहीरूको विधानबमोजिमको प्रक्रियाअन्तर्गत रही निर्वाचन गर्ने ।

(ङ) कार्यसमितिद्वारा पेस भएका विधान संशोधन, नियम, विनियम तथा संस्थागत रणनीतिक योजना स्वीकृत गर्ने ।

(च) लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परीक्षण-प्रतिवेदनमाथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरू असुलउपर गरी फछ्र्यौट गर्नका लागि कार्यसमितिलाई निर्देशन दिने ।

(छ) आगामी आर्थिक वर्षको लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने।

(ज) कार्यसमितिलाई आवश्यक अधिकार प्रत्यायोजन गर्ने ।

(झ) संस्थाको वार्षिक कार्यप्रगति विवरण र कार्यसमितिको कामको मूल्यांकन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

(ञ) आत्मनिर्भर सेवा केन्द्रको साधारण सदस्यता, मानार्थ सदस्यता र आजीवन सदस्यको अनुमोदन गर्ने र निजहरुलाई संस्थाको सर्वोत्तम हितको शपथ गराउने ।

(ट) हरेक तेस्रो वर्ष बस्ने सभाले वार्षिक साधारण सभाले गर्ने काम सम्पन्न गर्नुका अतिरिक्त संस्थाको कार्यसमितिको निर्वाचनसमेत गर्नेछ ।

### १४. गणपुरक संख्या

(क) आत्मनिर्भर केन्द्रको वार्षिक साधारणसभाका लागि कुल साधारण सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरुको उपस्थितिलाई





गणपुरक संख्या मानिनेछ । साधारण सभाका लागि गणपुरक संख्या नपुगेको खण्डमा त्यसको एक महिनाभित्रमा पुनः साधारण सभाको कार्यक्रम प्रकाशन गरिनेछ । दोस्रो पटकको साधारण सभाका लागि एक तिहाइ सदस्यहरुको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ । दोस्रो पटक पनि गणपुरक संख्या नपुगेको खण्डमा पुनः एक महिनाभित्र साधारण सभा बस्नेछ । तेस्रो पटकको साधारण सभामा उपस्थित सदस्यहरुको संख्यालाई नै गणपुरक संख्या मानिनेछ ।

## परिच्छेद - पाच

# कार्यसमिति

### १५. कार्यसमितिको गठन

(क) आत्मनिर्भर केन्द्रको साधारण र आजीवन सदस्यहरुमध्येबाट लोकतान्त्रिक सिद्धान्त र प्रक्रियाअनुसार निर्वाचनका माध्यमबाट कार्यसमिति गठन गरिनेछ । कार्यसमितिमा ७ र बढीमा ११ जनासम्म पदाधिकारी रहनेछन् ।

(ख) कार्यसमितिमा अध्यक्ष, उपाध्यक्ष, सदस्यसचिव, कोषाध्यक्ष र सदस्यहरु रहनेछन् ।

(ग) कार्यसमितिको कार्यावधि तीन वर्षको हुनेछ र यो समिति साधारणसभाप्रति उत्तरदायी रहनेछ ।

(घ) कार्यसमितिको निर्वाचन गर्दा समावेशीकरणको सिद्धान्तलाई अभ्यास गरिनेछ ।

(ङ) कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, सदस्यसचिव र कोषाध्यक्ष पदमा लगातार २ पदावधिभन्दा बढी पटक उम्मेदवार हुन पाइने छैन ।

(च) कार्यसमितिका सबै पदाधिकारहीहरु स्वयंसेवीका रुपमा काम गर्नेछन् । उनीहरु कसैले पनि संस्थाको वैतनिक कर्मचारी वा

नियमित पारिश्रमिक लिने गरी संस्थामा काम गर्नेछैनन् । तर यसले संस्थाका पदाधिकारीहरुले संस्थागत काम गर्दा भए/गरेका खर्चको सोधभर्ना लिने जस्तै- दैनिक भ्रमण भत्ता, यातायात आदिको भुक्तानी लिनमा रोक लगाएको मानिने छैन ।

(छ) संस्थाको कुनै पदाधिकारी संस्थालाई आवश्यक विषयमा विशेष दक्षता हासिल गर्ने अवस्थामा निजको सेवा लिनुपरेमा बजारमा त्यस्तै सेवा प्रदान गर्ने व्यक्तिहरुसँग प्रतिस्पर्धा गरी दक्षताका आधारमा संस्थाको खास काम जस्तै- स्रोत व्यक्ति, परामर्शदाता आदिको रुपमा काम गर्न सक्नेछ । त्यस्तो कामको निर्दिष्ट कार्यविवरण तयार गरी कार्यसमितिले स्वीकृत गर्नुपर्नेछ ।

(ज) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्यसमितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्यसमिति सदस्यको मनोनयन कार्यसमितिद्वारा गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्य बाँकी कार्यकालसम्मका लागि मात्र हुनेछ तर अन्य पदहरुका लागि विधानबमोजिम बाँकी अवधिका निमित्त निर्वाचन प्रक्रियाद्वारा पद पूर्ति गरिनेछ ।

## १६. कार्यसमितिको बैठक र अन्य व्यवस्था

(क) आत्मनिर्भर केन्द्रको कार्यसमितिको बैठक सामान्यतया हरेक तीन महिनामा बस्नेछ । आवश्यकताअनुसार कार्यसमितिको बैठक सोभन्दा बढी पटक पनि बस्न सक्नेछ ।

(ख) कार्यसमितिको बैठक आवश्यकताअनुसार अध्यक्षको निर्देशनमा सदस्यसचिवले बोलाउनेछ । तर कार्यसमितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१ प्रतिशतले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक तुरुन्त बोलाउनुपर्नेछ ।

(ग) कार्यसमितिका पदाधिकारीहरूको कुल संख्याको ५१ प्रतिशत पदाधिकारीहरु उपस्थित नभै कार्यसमितिको बैठक बस्ने छैन ।

(घ) कार्यसमितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा





बैठकमा उपस्थित भएका अन्य उपस्थित सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(ङ) कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(च) कार्यसमितिको बैठकमा छलफल भएका विषयहरु छुट्टै निर्णय पुस्तिकामा लेखी राखिनेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नुपर्नेछ तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नुपर्नेछ ।

(छ) आत्मनिर्भर केन्द्रले गर्ने सम्पूर्ण कार्य स्वीकृत विधि र नियम विनियमअनुसार हुनेछ । कार्यसमितिले आवश्यकताअनुसार आफ्नो अधिकार संस्थाको व्यवस्थापनलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(ज) आत्मनिर्भर केन्द्रको व्यवस्थापन प्रमुख कार्यसमितिको पदेन सदस्य रहनेछ । कार्यसमितिमा निर्णयमा निजको मताधिकार रहने छैन ।

(झ) आत्मनिर्भर केन्द्रले गर्ने गतिविधिहरुलाई संयोजन र कार्यान्वयन गर्नका लागि व्यवस्थापन समिति व्यवस्था गरिनेछ । व्यवस्थापन समितिमा आवश्यकताअनुसार कर्मचारी रहनेछन् । संस्थाको व्यवस्थापन समितिका सदस्यहरुको नियुक्ति क्षमताको आधारमा प्रतिस्पर्धात्मक तरिकाले गरिनेछ ।

## १७. कार्यसमितिको काम, कर्तव्य र अधिकार

कार्यसमितिको काम, कर्तव्य र अधिकार निम्नबमोजिम छन् :

(क) आत्मनिर्भर केन्द्रको विधानमा उल्लेखित लक्ष्य र उद्देश्यअनुरुप आवधिक नीति, रणनीतिक योजना, वार्षिक नीति, कार्यक्रम तथा आयव्ययको विवरण तयार गरी साधारण सभाबाट स्वीकृत गराउने ।

(ख) यस विधानको अधीनमा रही आवश्यक नियम उपनियम बनाइ लागू गर्ने । संस्थाको दीर्घकालीन रणनीति, योजना निर्माण र कार्यान्वयन गर्ने/गराउने ।

(ग) आत्मनिर्भर केन्द्रका लागि आवश्यक कर्मचारीको नियुक्ति, उनीहरुको कार्यसम्पादनको अनुगमन तथा मूल्यांकन गर्ने र व्यवस्थापन समितिसँग समन्वय गर्ने ।

(घ) संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र स्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।

(ङ) संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैक खाता खोली सञ्चालन गर्ने ।

(च) कार्यसमितिको नियमित बैठक सञ्चालन गर्ने । आत्मनिर्भर केन्द्रको कामलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यकताबमोजिम उपसमितिहरु गठन गरी जिम्मेवारी र भूमिका सुम्पने । कुनै कामका लागि जिम्मेवारी तोक्ने । आवश्यकताअनुसार सल्लाहकार नियुक्ति गर्ने, जिम्मेवारी सुम्पिने र कार्यसम्पादन मूल्याङ्कन गर्ने ।

(छ) आत्मनिर्भर केन्द्रको वार्षिक प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, विभिन्न दातृ वा साझेदारी संस्थाहरुसँग भएका सम्झौताको विवरण अनुमोदनका लागि साधारण सभामा पेश गर्ने ।

(ज) साधारण सभाद्वारा पारित निर्णयहरु कार्यान्वयन गर्ने/गराउने ।

(झ) आत्मनिर्भर केन्द्रका तर्फबाट विभिन्न बैठक एवं कार्यक्रममा भाग लिने, प्रतिनिधित्व गर्ने ।

(ञ) सदस्यताका लागि प्राप्त आवेदनमा छानविन गरी सदस्यता प्रदान गर्ने र अनुमोदनका लागि साधारण सभामा पेश गर्ने ।

(ट) कुनै पनि सदस्य वा पदाधिकारीबाट केन्द्रको हितविपरित कार्य गरेको भन्ने उजुरी पर्न आएमा एक स्वतन्त्र समिति बनाई त्यसको छानविन गर्ने । र, छानविनको नतिजा साधारण सभामा पेश गर्ने । कुनै सदस्यले संस्थाको हितविपरित काम गरेको कारण संस्थालाई ठूलो क्षति हुने लागेमा कार्यसमितिले त्यस्तो सदस्य वा पदाधिकारीलाई निलम्बित गर्न सक्नेछ । यस सम्बन्धमा साधारण सभाको निर्णय कार्यान्वयन गर्ने ।





(ठ) आत्मनिर्भर केन्द्रको सार्वजनिक जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्नका लागि संस्थागत सुशासन नीति तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ठ) आत्मनिर्भर केन्द्रको मूल्य मान्यता, लक्ष्य र उद्देश्य मिल्ने सञ्जालहरुको सदस्यता लिने र सहकार्य गर्ने ।

(ड) साधारण सभा बस्नुअगाडि कुनै दातृ वा अन्य निकायसँग संस्थाको सहकार्य गर्ने सम्भावना देखिएमा सो प्रक्रिया अगाडि बढाउने र साधारण सभामा स्वीकृतिका लागि पेश गर्नुपर्नेछ ।

(ढ) आत्मनिर्भर केन्द्रको बृहत्तर हितका लागि आवश्यक कार्यहरु गर्ने ।

## १८. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

(१) **अध्यक्ष**

(क) कार्यसमिति र विशेष साधारण सभाको बैठकको अध्यक्षता गर्ने र निर्णायक मत दिने ।

(ख) आत्मनिर्भर केन्द्रको तर्फबाट विभिन्न कार्यक्रमहरुमा सहभागी भई संस्थाको मूल्य, मान्यता र दृष्टिकोणको व्याख्या गर्ने

(ग) आवश्यकतानुसार बैठकहरु बोलाउन सदस्यसचिवलाई निर्देशन दिने ।

(घ) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँट गर्ने । साधारणसभा वा कार्यसमितिबाट स्थापना भएका विभिन्न समिति तथा उपसमितिहरुको समन्वय गरी मार्गनिर्देशन दिने ।

(ङ) अभिलेख प्रमाणित गर्ने ।

(च) आत्मनिर्भर केन्द्रको सञ्चालनमा रेखदेख गर्ने, अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक सुझाव दिने । संस्थाको उपयुक्त दीर्घकालीन सोच र आवश्यक रणनीति तयार गरी कार्यसमिति वा साधारण सभामा पेश गर्ने ।

(छ) आत्मनिर्भर केन्द्रको व्यवस्थापनको कामको सुपरीवेक्षण र मूल्याङ्कन गर्ने तथा आवश्यक सहयोग पुर्‍याउने।

(ज) आत्मनिर्भर केन्द्रको सार्वजनिक उत्तरदायित्व र पारदर्शिता प्रबर्द्धन गर्न पहल गर्ने ।

(झ) आत्मनिर्भर केन्द्रको व्यवस्थापन र कार्यसमितिको कामको अनुगमन, मूल्याङ्कन गर्ने/गराउने र सो प्रयोजनका लागि आवश्यक सहयोग पुर्‍याउने ।

(ञ) अन्य आवश्यक कार्यहरु गर्ने ।

(२) **उपाध्यक्ष**

(क) अध्यक्षलाई सहयोग पुर्‍याउने, निजले लिखितरुपमा प्रत्यायोजित गरेबमोजिम कार्य गर्ने ।

(ख) अध्यक्षको अनुपस्थितिमा निजका सबै कार्य, अधिकार प्रयोग गर्ने र कर्तव्य पालन गर्ने ।

(ग) आत्मनिर्भर केन्द्रको कार्यप्रगतिको लेखाजोखा गरी अध्यक्षलाई अवगत गराउने ।

(घ) आत्मनिर्भर केन्द्रको कामसँग सम्बन्धित विषयमा संस्थाको प्रतिनिधित्व गर्ने ।

(३) **सदस्यसचिव**

(क) अध्यक्षसँग परामर्श लिई कार्यसमितिको बैठक, साधारण सभा तथा विशेष सभा र बैठक बोलाउने ।

(ख) बैठक सञ्चालन गर्न अध्यक्षलाई सहयोग गर्ने ।

(ग) कार्यसमितिको नीति निर्णय कार्यान्वयन गर्ने/गराउने ।

(घ) आत्मनिर्भर केन्द्रको वैधानिक व्यवस्था मिलाउने । जस्तै- संस्था नवीकरण गर्ने, सम्बन्धित निकायबाट आवश्यक अनुमति वा प्रमाणपत्र प्राप्त गरी राख्ने ।

(ङ) आत्मनिर्भर केन्द्रको सचिवालयको रेखदेख र सुपरीवेक्षण गर्ने ।





(च) कार्यसमितिबाट पारित निर्णयहरुको अभिलेख राख्ने, राख्न लगाउने र सो कार्यान्वयन गर्ने।

(छ) आत्मनिर्भर केन्द्रको वार्षिक प्रगति प्रतिवेदन र भावी कार्यक्रम तयार गरी सम्बन्धित सभामा पेश गर्ने ।

(ज) अध्यक्षसँगको परामर्शबाट बैठकमा छलफलका लागि प्रस्तावहरु पेश गर्ने ।

(झ) आफ्नो अनुपस्थितिमा अध्यक्षसँग परामर्श गरी कार्यसमितिका कुनै सदस्यलाई आफ्नो अधिकार प्रत्यायोजन गर्ने ।

(यं) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(४) **कोषाध्यक्ष**

(क) आत्मनिर्भर केन्द्रको कोषको रेखदेख र त्यसको अभिलेखन प्रचलित कानुनबमोजिम व्यवस्थितरुपमा राख्ने ।

(ख) आत्मनिर्भर केन्द्रको सम्पत्तिको सुरक्षा र आम्दानी, खर्चको व्यवस्थापन गर्ने ।

(ग) विगत आर्थिक वर्षको आयव्यय विवरण र भावी आर्थिक वर्षको कार्यक्रम तथा बजेट तयार गरी साधारण सभामा पेश गर्ने ।

(घ) लेखा दुरुस्त राख्ने ।

(ङ) वार्षिक आयव्ययको लेखापरीक्षणको प्रतिवेदन साधारण सभामा पेश गर्ने ।

(च) कोषलाई व्यवस्थित, पारदर्शी बनाउन प्रभावकारी तरिका अवलम्बन गर्ने ।

(छ) आत्मनिर्भर केन्द्रको आर्थिक व्यवस्थापनको वस्तुस्थितिको नियमित अनुगमन मूल्याङ्कन गर्ने र त्यसको प्रतिवेदन कार्यसमितिमा पेश गर्ने ।

(ज) आफ्नो अनुपस्थितिमा अध्यक्ष र सचिवसँग परामर्श गरी कार्यसमितिका कुनै सदस्यलाई आफ्नो अधिकार प्रत्यायोजन गर्ने ।

(झ) आत्मनिर्भर केन्द्रको लेखाको आन्तरिक लेखापरीक्षण गराई त्यसका सुझावहरु कार्यान्वयन गराउने ।

(ञ) अन्य आवश्यक आर्थिक कार्यहरु गर्ने ।

**(५) सदस्यहरु**

(क) कार्यसमितिको बैठकमा भाग लिई निर्णय प्रक्रियामा सक्रिय भूमिका निभाउने ।

(ख) कार्यसमितिबाट भएका निर्णयहरु कार्यान्वयन गर्न/गराउन प्रयत्नशील रहने ।

(ग) विभिन्न उप-समितिहरुमा सहभागी भई सुम्पिएको जिम्मेवारी पूरा गर्ने ।

(घ) आत्मनिर्भर केन्द्रले सञ्चालन गरेका कार्यक्रममा सम्भव भएसम्म सहभागी भई योगदान गर्ने ।

(ङ) कार्यसमितिले तोकेको अन्य कार्य गर्ने ।

## १९. पदत्याग गर्न सक्ने

(क) अध्यक्षले उपाध्यक्षमार्फत् कार्यसमितिसमक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्षसमक्ष राजिनामा गरी पदत्याग गर्न सक्नेछन् । राजिनामा स्वीकृत भएपछि त्यसको सूचना लिखितरुपमा सम्बन्धित व्यक्तिलाई गराइनेछ र पदत्याग भएको मानिनेछ ।

## २०. पदमुक्त हुने

कार्यसमितिका पदाधिकारीहरु तथा सदस्यहरु देहायका अवस्थामा पदमुक्त हुनेछन् ।

(क) कार्यसमितिको नियमित बैठकमा बिना सूचना लगातार ३ पटकसम्म अनुपस्थित भएमा ।





(ख) आत्मनिर्भर केन्द्रको आचारसंहिताअनुसार आचरण नगरेको वा पदको दुरुपयोग गरी नाजायज लाभ लिएको छानविनबाट प्रमाणित भई साधारण सभाबाट अनुमोदन भएमा ।

(ग) राजिनामा दिई स्वीकृत भएमा ।

(घ) कार्यसमिति विघटन भएमा ।

(ङ) स्वास्थ्यका कारणले आफ्नो जिम्मेवारीअनुसारको कार्यसम्पादन गर्न असमर्थ भएमा ।

(च) विधानको दफा ९ (२) मा उल्लेखित अवस्था सृजना भएमा ।

(ज) भ्रष्टाचारको मुद्दा लागि अदालतबाट सजाय भएमा ।

(झ) अदालतबाट कुनै फौजदारी अभियोग प्रमाणित भएमा ।

## २१. सल्लाहकार समिति

(क) आत्मनिर्भर केन्द्रको कार्यमा अपेक्षित सल्लाह सुझावको सहयोग पुऱ्याउन कार्यसमितिले बढीमा ५ सदस्यीय सल्लाहकार समिति गठन गर्न सक्नेछ । यस समितिमा केन्द्रका पूर्व अध्यक्षहरु र संस्थाको उद्देश्यबमोजिमका क्षेत्रमा काम गरेका अनुभवी तथा प्रतिष्ठित व्यक्तिहरु रहनेछन् ।

(ख) कार्यसमितिले चाहेका बेला सल्लाहकार समितिबाट सल्लाह सुझाव लिनेछ ।

(ग) सल्लाहकार समितिका सदस्यहरु अवैतनिक हुनेछन् ।

### परिच्छेद - छ

# आर्थिक व्यवस्था

## २२. आर्थिक श्रोत

१. आत्मनिर्भर केन्द्रको आफ्नै छुट्टै कोष रहनेछ । त्यस कोषमा देहायबमोजिमका रकम रहनेछन् ।

(क) सदस्यहरुको प्रवेश शुल्क, वार्षिक सदस्यता शुल्क तथा नवीकरण शुल्कबाट प्राप्त हुने रकम ।

(ख) नेपाल सरकार तथा कुनै राष्ट्रिय, अन्तर्राष्ट्रिय दातृसंस्था एवं अन्य निकाय आदिबाट प्राप्त हुने, आर्थिक सहयोग, अनुदान, उपहारवापत प्राप्त हुन आउने रकम ।

(ग) आत्मनिर्भर केन्द्रको चल, अचल सम्पत्तिबाट प्राप्त रकम ।

(घ) आत्मनिर्भर केन्द्रको जनशक्ति परिचालनबाट प्राप्त हुने रकम ।

(ङ) आत्मनिर्भर केन्द्रले लिएको ऋणवापतको रकम ।

(च) आत्मनिर्भर केन्द्रले गरेको लगानीबाट प्राप्त लाभांश, बैंक व्याज तथा ज्ञान दक्षताको प्रयोगवापत प्राप्त हुने रकम ।

(छ) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोगवापत प्राप्त रकम

(ज) आत्मनिर्भर केन्द्रका प्रकाशनहरु, सूचना, स्रोत केन्द्र र अन्य रचनात्मक सामग्रीहरुको बिक्री वितरण र प्रयोगबाट प्राप्त रकम ।

२. आत्मनिर्भर सेवा केन्द्र गैरनाफामूलक संस्था हुनेछ र संस्थाको आम्दानी तथा बचत संस्थाका सदस्यहरु, पदाधिकारीहरु तथा कर्मचारीहरुले बाँडेर लिने छैनन् । तर आत्मनिर्भर केन्द्रको संस्थागत दीगोपनाका लागि संस्थाको स्रोत साधनहरुको अधिकतम परिचालन गर्ने, संस्थाको सम्पत्ति परिचालन गरी संस्थाको आम्दानीका स्रोतहरु बढाउन प्रयत्न गरिनेछ ।

## २३. चल-अचल सम्पत्ति

(क) आत्मनिर्भर सेवा केन्द्रको चल-अचल सम्पत्ति आर्जन भएमा त्यसको अभिलेख संस्थामा पारदर्शी तरिकाले राखिनेछ ।

(ख) आत्मनिर्भर सेवा केन्द्रले आफ्नो प्रयोजनका लागि चल-अचल सम्पत्ति जायजेथाहरु खरीद गर्न, प्रयोग गर्न तथा बिक्री वितरण वा हक हस्तान्तरण गर्न सक्नेछ ।





## २४. कोष सञ्चालन

(क) यस विधानको दफा २२ (१) मा उल्लिखित सबै आत्मनिर्भर केन्द्रको कोष मानिनेछ ।

(ख) आत्मनिर्भर केन्द्रले भरपर्दो वाणिज्य बैंकमा संस्थाको मूल खाता र आवश्यकताअनुसार कार्यक्रम सञ्चालन खाता खोल्न सक्नेछ । नयाँ खाता खोल्ने वा भएको खाता बन्द गर्ने काम कार्यसमितिको निर्णयबाट हुनेछ ।

(ख) आत्मनिर्भर केन्द्रको मूल बैंक खाता अध्यक्ष, कोषाध्यक्ष, सदस्यसचिवमध्ये कोषाध्यक्ष अनिवार्य हुने गरी कुनै दुईको दस्तखतबाट सञ्चालन हुनेछ । प्रचलित ऐन, नियमअनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था आत्मनिर्भर केन्द्रको व्यवस्थापनले गर्नेछ । यस खाताको चेकबुक तथा हिसाव आत्मनिर्भर सेवा केन्द्रको वित्तीय अधिकृतको जिम्मामा रहनेछ ।

(ग) दातृनिकायको सहयोगमा सञ्चालित कामका लागि बैंक खाता सञ्चालन कार्यकारी निर्देशक, वित्त अधिकृत, कार्यक्रम व्यवस्थापकमध्ये वित्त अधिकृतको दस्तखत अनिवार्य हुनेगरी गरिनेछ । यस सम्बन्धमा उक्त दातृनिकायसँग भएको सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ । उक्त सम्झौतामा यस सम्बन्धमा कुनै कुरा उल्लेख नभएमा यसै व्यवस्थाबमोजिम हुनेछ ।

(घ) आत्मनिर्भर केन्द्रको बैंक खाता सञ्चालन प्रक्रिया र जिम्मेवारी वित्तीय व्यवस्थापन नियमावलीमा किटान गरिनेछ ।

## २५. आर्थिक व्यवस्थापन

(क) आत्मनिर्भर केन्द्रको हिसावकिताव लेखाको प्रचतिल मान्यताअनुसार दोहोरो श्रेस्ता प्रणालीको आधारमा राखिनेछ ।

(ख) आत्मनिर्भर केन्द्रको आर्थिक व्यवस्थापन सञ्चालन यसै विधानअन्तर्गत बन्ने आर्थिक व्यवस्थापनसम्बन्धी नीति तथा पद्धतिबमोजिम हुनेछ ।

(ग) कोषाध्यक्ष संस्थाको कोष व्यवस्थापनका लागि जिम्मेवार हुनेछ र अन्तिम जवाफदेहिता कार्यसमितिमार्फत् अध्यक्षमा रहनेछ ।

(घ) कार्यसमितिले आय-व्यय, चल-अचल सम्पत्तिको विवरण रितपूर्वकको ढाँचामा खुलस्त राख्नुपर्दछ ।

(ङ) आर्थिक वर्ष पूरा भएको ३ महिनाभित्र लेखापरीक्षण गराइसक्नुपर्नेछ ।

(च) संस्थाले हरेक वर्षको साउन १ गतेदेखि असार मसान्तसम्मको आर्थिक वर्ष मान्नेछ । दातृनिकायबाट प्राप्त आर्थिक श्रोतका लागि उनीहरुसँग भएको सम्झौताअनुसार हुनेछ ।

(छ) आत्मनिर्भर केन्द्रको लेखाको प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन संस्थाका सदस्यहरु, साझेदार सङ्घ/संस्थाहरु, सरकारी निकाय, समाज कल्याण परिषद् तथा सार्वसाधारणको जानकारीका लागि सञ्चार माध्यमलाई उपलव्ध गराइनेछ ।

(ज) आत्मनिर्भर केन्द्रले पारदर्शिताको नीति र पद्धति विकास गरी कार्यान्वयनमा ल्याउनेछ ।

(झ) आत्मनिर्भर केन्द्रले आर्थिक व्यवस्थापनसम्बन्धी देशको सबै कानूनको पूर्ण पालना गर्नेछ ।

## २६. लेखा परीक्षण

क) आत्मनिर्भर केन्द्रको सम्पूर्ण कारोबारको मान्यता प्राप्त व्यावसायिक व्यक्ति वा संस्थाबाट आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्रमा लेखापरीक्षण गराइनेछ ।

ख) नेपाल सरकार वा स्थानीय अधिकारीले संस्थाको सहमतिमा संस्थाको हिसावकिताव जाँच गर्न/गराउन सक्नेछ । त्यस्तै संस्थालाई आर्थिक सहयोग उपलब्ध गराउने संस्थाहरुले उसले उपलब्ध गराएको सहयोगको हिसाव संस्थासँगको सहमतिमा जाँच गर्न/गराउन सक्नेछन् ।

ग) आत्मनिर्भर केन्द्रको वार्षिक लेखापरीक्षण प्रतिवेदन साधारणसभाले अनुमोदन गरेपछि सार्वजनिक गरिनेछ ।





## परिच्छेद - सात

# निर्वाचनसम्बन्धी व्यवस्था

## २७. निर्वाचन समितिको व्यवस्था

(क) आत्मनिर्भर केन्द्रको कार्यसमितिको चयन लोकतान्त्रिक पद्धतिअनुसार मतदान प्रक्रियाबाट हुनेछ ।

(ख) आत्मनिर्भर केन्द्रको कार्यसमितिका सबै पदहरु साधारण तथा आजीवन सदस्यहरुबाट निर्वाचित हुनेछन् ।

(ग) कार्यसमितिले निर्वाचनका लागि मुख्य निर्वाचन अधिकृतसहित बढीमा ३ जनाको निर्वाचन समिति चयन गर्नेछ । यस्तो निर्वाचन समितिमा कार्यसमितिको नेतृत्वमा उम्मेदवार हुन चाहने व्यक्तिहरु रहने छैनन् । यो निर्वाचन समिति स्वतन्त्र हुनेछ ।

(घ) निर्वाचन समितिले प्रचलित कानूनको परिधिभित्र रहेर निर्वाचन कार्यविधि आफैं व्यवस्थित गर्नेछ । निर्वाचन समितिले निर्वाचन कार्यविधि र तालिका सार्वजनिक गर्नेछ । जसमा निर्वाचन हुने मिति र स्थान, निर्वाचन प्रयोजनका लागि मतदाता नामावली अद्यावधिक गर्ने, मतदाता नामावाली प्रकाशन गर्ने, मतदाता नामावलीमा संशोधन र अन्तिम नामावली प्रकाशन गर्ने, उम्मेदवारी दर्ता गर्ने विधि, उम्मेदवारको नामावली प्रकाशन, दावी विरोध र उम्मेदवारी फिर्ता गर्ने समय, उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन जस्ता कुराहरु समावेश हुनेछ ।

(ङ) मतदान गोप्य प्रणालीद्वारा हुनेछ ।

(च) निर्वाचनसम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले लगाउनेछ र उसले गरेको निर्णय नै अन्तिम हुनेछ

(छ) निर्वाचनको सबै प्रक्रिया पूरा भएपछि निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

(ज) निर्वाचन समितिले तोकिएको विधि र प्रक्रिया अपनाई तोकिएको दिन र स्थानमा आत्मनिर्भर केन्द्रको कार्यसमितिको निर्वाचन सम्पन्न गरी निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्नेछ ।

## २८. शपथ ग्रहण

क) निर्वाचन सम्पन्न भएपछि निर्वाचन समितिका अध्यक्षले नवनिर्वाचित कार्यसमितिका अध्यक्षलाई शपथ ग्रहण गराउनेछन् । र अध्यक्षले अरु सदस्यहरुलाई शपथ ग्रहण गराउने छन्।

ख) संस्थाका साधारण सदस्यहरु तथा कार्यसमितिमा निर्वाचित सदस्यहरुले अनुसूची २ बमोजिम शपथ ग्रहण गर्नेछन् ।

## परिच्छेद - आठ

# विविध

## २९. रिक्त पदपूर्ति

क) कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, सदस्यसचिव र कोषाध्यक्षलगायत् कार्यसमितिको आधाभन्दा कम पद रिक्त भएमा कार्यसमितिले कार्यसमितिका सदस्यहरुबाट मनोनयन गरी परिपूर्ति गर्नेछ। त्यसरी मनोनीत भएपछि खाली भएको कार्यसमितिको सदस्य पदमा कार्यसमितिले साधारण सदस्यबाट मनोनीत गरी परिपूर्ति गर्नेछ र त्यसपछि बस्ने साधारण सभाबाट अनुमोदन गराउनेछ ।

ख) कार्यसमितिको आधा पदहरु रिक्त भएमा यस विधानको दफा १२ बमोजिम विशेष साधारण सभा बोलाई दफा २८ बमोजिम निर्वाचनको माध्यमद्वारा पूर्ति गरिनेछ ।

## ३०. अविश्वासको प्रस्ताव

क) आत्मनिर्भर केन्द्रको कार्यसमितिले गरेका गतिविधिमाथि अविश्वास रहेको भनी संस्थाका एक तिहाई सदस्यहरुले लिखितरुपमा अविश्वासको प्रस्ताव दर्ता गराउन सक्नेछन् ।





ख) प्रस्तावमा शिष्ट भाषा प्रयोग गरी व्यक्तिगत आक्षेप नलगाई खास मुद्दालाई स्पष्टसँग लेखिएको हुनुपर्नेछ ।

ग) दफा (क) बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समयसमेत तोकी संस्थाको साधारण सभाका सम्पूर्ण सदस्यहरुलाई जानकारी गराइनेछ ।

घ) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा दफा (क) बमोजिम प्रस्ताव पेस गर्न अनुमति दिनेछ र प्रस्ताव पेस गर्ने सदस्यहरुमध्ये एक जनाले अविश्वासको प्रस्ताव ल्याउनुपर्ने कारणसहितको आफ्नो अभिमत सभासमक्ष प्रस्तुत गर्नेछ ।

ङ) दफा (क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्तावउपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिनेछ ।

च) दफा (क) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरुविरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेस गर्ने मौकाका लागि आफ्ना भनाइ राख्न अनुमति दिइनेछ ।

छ) अविश्वासको प्रस्तावउपर आफ्नो भनाइ प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयका लागि देहायबमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।

१) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छट्याएर वा

२) साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

ज) साधारण सभाको कुल सदस्य सङ्ख्याको दुई तिहाई बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पदमुक्त हुनेछन् ।

झ) निर्वाचित भएको छ महिना नपुगी वा प्रस्ताव विफल भएको छ महिना नपुगी त्यस्तो व्यक्तिउपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

## ३१. विधान संशोधन

(क) आत्मनिर्भर केन्द्रको विधान संशोधन गर्न आवश्यक देखिएमा आत्मनिर्भर केन्द्रको साधारण सभामा कार्यसमितिद्वारा सो कुरा पेश गरी सभामा उपस्थित दुई तिहाई सदस्यले पारित गरेमा यो विधानको पूरै वा केही भाग संशोधन गर्न सकिनेछ । स्थानीय अधिकारीको पूर्व स्वीकृति लिई संशोधित विधान लागू गरिनेछ ।

## ३२. गणपुरक सङ्ख्या

(क) यस विधानको कुनै काम गर्न दुई तिहाई मत आवश्यक हुन्छ भनी उल्लेख भएकोमा सोहीबमोजिम र सोबाहेकको सामान्य बहुमतलाई नै गणपुरक सङ्ख्या मानिनेछ ।

## ३३. नियम बनाउने अधिकार

(क) आत्मनिर्भर केन्द्र सञ्चालनका लागि कुनै नियमहरु बनाउनुपर्ने भएमा प्रचलित नेपाल कानूनसँग नबाझिने गरी वा त्यसको मातहतमा रहेर यस विधानको परिधिभित्रबाट कार्यसमितिले आवश्यक नियम उप-नियमहरु बनाई लागू गर्न सक्नेछ ।

## ३४. आत्मनिर्भर केन्द्रको विघटन

(क) आत्मनिर्भर केन्द्रको विधानबमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस आत्मनिर्भर केन्द्र विघटन गर्नुपरेमा साधारण सभाको दुई तिहाई सदस्यले निर्णय गर्नुपर्दछ । यसरी विघटन भएमा आत्मनिर्भर केन्द्रका सम्पूर्ण जेथाहरु नेपाल सरकारमा सर्नेछ ।





## ३५. उत्तरदायित्व

(क) कार्यसमितिका सदस्य, पदाधिकारी र कर्मचारीहरुले समितिको काम काज गर्दा असल नियतले गरेको काम कारबाहीमा कुनै हानि नोक्सानी हुन गएमा व्यक्तिगतरुपले जवाफदेही हुनुपर्ने छैन ।

## ३६. सजाय

(क) आत्मनिर्भर केन्द्रका कुनै संस्थापक तथा साधारण सदस्य वा कार्यसमिति पदाधिकारीले यो विधान प्रतिकूल कुनै कार्य गरेको लागेमा कुनै व्यक्तिले कार्यसमितिमा आवेदन गर्न सक्नेछन् । यसरी प्राप्त आवेदनको छानविन गर्न कार्यसमितिले एक छानविन समिति गठन गर्नेछ । छानविन समितिको प्रतिवेदन कार्यसमितिमा छलफल गरी निजलाई सफाई दिने वा निलम्वन गर्ने निर्णय गर्न सक्नेछ । यसरी निलम्वन भएपछि निजलाई निश्चित समय दिई कार्यसमितिसमक्ष स्पष्टीकरण र आफ्नो सफाई पेश गर्ने अवसर दिइनेछ । यसरी प्राप्त स्पष्टीकरण सन्तोषजनक नभएमा निजलाई आत्मनिर्भर केन्द्रको पद र संस्थापक वा साधारण सदस्यताबाट निष्काशन गरिनेछ ।

## ३७. बचाउ

(क) यो विधान कानूनअनुसार दर्ता भई विधानमा उल्लेख गरेअनुसार प्रथम कार्यसमितिको चुनाव नभएसम्म तदर्थ समितिले नै कार्यसमितिको काम, कर्तव्य र अधिकार प्रयोग गर्नेछ । विधानअनुसार प्रथम साधारण सभाबाट कार्यकारिणी समितिको निर्वाचन भएपछि तदर्थ समिति स्वतः निष्क्रिय हुनेछ । संशोधित विधान लागू हुनुभन्दा अगाडि अघिल्लो विधानअनुसार संस्थाको काम कारबाही अगाडि बढाइनेछ ।

### ३८. लिखतको प्रमाणीकरण

(क) संस्थाको तर्फबाट गरिदिनुपर्ने तमसुक, सम्झौता, कबुलियत, अधिकारपत्र इत्यादि लिखतमा कार्यसमितिका अध्यक्ष वा कार्यसमितिले तोकेको व्यक्तिले संस्थाको तर्फबाट सहिछाप गर्नेछ र त्यस्तो लिखत संस्थाको तर्फबाट भएको मानिनेछ ।

### ३९. व्याख्या

(क) यो विधान र विधानअन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ ।

### ४०. ऐनअनुसार हुने

(क) यस विधानमा उल्लेख नभएका कुराहरु कानूनबमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछन् ।

### ४१. कानूनको पालना

(क) देशको प्रचलित कानूनको पालना गर्नु आत्मनिर्भर केन्द्रको कर्तव्य हुनेछ

### ४२. प्रतिवेदन तथा अभिलेखीकरण

(क) आत्मनिर्भर केन्द्रको वार्षिक आर्थिक तथा कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी संस्थाका सदस्यहरु, सरकारी निकाय, साझेदार संस्थाहरु र सर्वसाधारणको जानकारीका लागि उपलब्ध गराउनु कार्यसमितिको जिम्मेवारी हुनेछ ।





अनुसूची १

## संस्थाको छाप र चिह्नको ढाँचा (लोगो)

(यस संस्थाको तपसिलअनुसारको छाप र चिह्न हुनेछ ।)

*संस्थाको छापको ढाँचा*

*संस्थाको चिह्नको (लोगो) ढाँचा*

**अनुसूची २**

## संस्थाको सदस्य र कार्यसमिति का सदस्यहरूको शपथ ग्रहणको नमूना

म........................(नाम)................................सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको मूल्य, मान्यताप्रति निष्ठावान भई संस्थाले लिएको लक्ष्य तथा उद्देश्य परिपूर्ति गर्ने अभियानमा सदा क्रियाशील रहनेछु। सामाजिक न्याय, समुन्नति र स्वतन्त्रताका लागि आफ्नो सामर्थ्यअनुसार योगदान गर्नेछु। आफ्नो पदीय जिम्मेवारी पूर्णरुपमा निर्वाह गर्नेछु। आफूले पद र जिम्मेवारीको कुनै पनि मूल्यमा दुरुपयोग गर्ने छैन।